वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'

bhanjyangnews.com

— निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी —

सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत | "विश्वसनीय समाचार, तपाईंको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

वेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !

हामी तपाईंलाई निष्पक्ष, सत्य, तथ्य, खोजमूलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।



वर्ष ४५ अंक १०९ | २०८३ भदौ ०१ गते सोमबार, नेपाल सम्वत् ११४६ August 17, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-




**सिसाजन्य बस्तु भण्डारण :** तनहुँको व्यास नगरपालिका कार्यालयले कार्यालय परिसरमा भण्डारण गरेका सिसाजन्य बस्तु । नगरपालिकाले नकुहिने प्लाष्टिकजन्य, फलामजन्य र सिसाजन्य बस्तु वर्गीकरण गरी बिक्रीवितरण गरी फोहोरबाट मोहोर कमाउन थालेको छ ।

*तस्विर : भञ्ज्याङ*

# 'मेलमिलाप'लाई प्रोत्साहन गर्न हुँदैछ, कानुनमा संशोधन

**कालिका खड्का**/काठमाडौं

घर–समाजका सामान्य विवाद पनि अदालतमा पुग्ने बाध्यता अहिले पनि कायमै रहेको छ । अदालतमा पुगेका मुद्दाको बहस र सुनुवाइ प्रक्रिया आफैँमा लामो हुन्छ । फैसला हुँदा एक पक्ष खुसी र अर्को पक्ष दुःखी हुने स्थिति छँदैछ ।

अदालतको बहस र सुनुवाइबिना नै मेलमिलाप मार्फत मुद्दा टुङ्गो लाग्न सकेमा झगडिया पक्षलाई 'विन–विन' साथै अदालतलाई पनि मुद्दाको चाप व्यवस्थापनमा सहज हुन्छ । नेपालमा मेलमिलाप प्रक्रिया र अभ्यास पुरानो होइन तर यसको प्रवर्द्धन र प्रोत्साहन नहुँदा पछिल्लो सफलता दर त्यत्ति सन्तोषजनक छैन । न्यायालयबाट मेलमिलापको माध्यमबाट विवाद समाधान भएको पछिल्लो अवस्थालाई हेर्दा गत आर्थिक वर्षमा सर्वोच्च, उच्च र जिल्ला अदालतमा कुल ५५ हजार ६९० मुद्दामा मेलमिलाप भएको देखिन्छ । त्यस वर्षमा आठ हजार २१० विवाद मेलमिलापमार्फत समाधान भएका छन् भने ४० हजार ३७१ मुद्दा मेलमिलाप हुन नसकेको देखिन्छ । सबै अदालतमा गरेर मेलमिलापको प्रक्रियामा छ हजार ९८९ मुद्दा रहेका छन् ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार न्यायालयबाट मेलमिलापबाट विवाद समाधानको समग्र सफलता दर १७ प्रतिशत रहेको छ । सर्वोच्च अदालतमा गत आर्थिक वर्ष १२९ मुद्दामा नौ मुद्दा मेलमिलाप हुन सफल भएका थिए भने ८० मुद्दा असफल भएका छन् । जम्मा ४० मुद्दा टुङ्गो लाग्न बाँकी छ । उच्च अदालतहरूमा २८ हजार ४४१ मुद्दा रहेकामा चार हजार १७५ मेलमिलाप हुन सफल भएको छ भने २० हजार ६११ मुद्दा असफल भएको छ । तीन हजार ५३५ मिलाप हुन बाँकी रहेको छ । त्यस्तै, मेलमिलापतर्फ जिल्ला अदालतमा कुल २७ हजार १२० मुद्दा भएकामा चार हजार २६ सफल भएको भने १९ हजार ६८० असफल भएको छ । तीन हजार ४१४ मुद्दा बाँकी रहेको छ।

**कानुन संशोधनमार्फत मेलमिलापलाई प्रोत्साहनको पहल**





मेलमिलाप प्रक्रियाको पहुँचलाई सरलीकृत गर्दै स्थानीय तहसम्म विस्तार गर्न सरकारले कानुनी संशोधन अघि बढाएको छ। छिटो, छरिटो र सरल प्रक्रियाबाट मेलमिलाप गराई न्यायमा सर्वसाधारणको पहुँच बढाउन नेपाल सरकारले 'मेलमिलापसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३' प्रतिनिधिसभामा प्रस्तुत गरेको हो। यो विधेयक पारित भई कार्यान्वयनमा गएपछि घर झगडादेखि सामाजिक विवादसम्मका मुद्दा मिलाउन अदालत नै धाउनुपर्ने बाध्यता घट्ने देखिएको छ । मेलमिलापको पहुँच स्थानीय समुदायसम्म विस्तार गर्ने उद्देश्य सरकारले मेलमिलापसम्बन्धी कानुनमा सामयिक परिवर्तनको प्रस्ताव गरेको हो ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले मेलमिलापको माध्यमबाट छिटो, छरिटो र सरल प्रक्रियाबाट न्यायमा सर्वसाधारणको पहुँच बढाउन मेलमिलापसम्बन्धी कार्य प्रदेश र


*बाँकी तेश्रो पेजमा*


# आँबुखैरेनीमा अब ६ वटा डायलाइसिस मेसिनबाट सेवा

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको आँबुखैरेनी गाउँपालिकामा थप एक थान डायलाइसिस मेसिन प्राप्त भएसँगै अब ६ वटा मेसिनबाट मिर्गौला रोगका बिरामीलाई हेमोडायलाइसिस सेवा उपलब्ध हुने भएको छ ।

गण्डकी प्रदेश सरकारले गाउँपालिकालाई थप एक थान डायलाइसिस मेसिन उपलब्ध गराएको हो । नयाँ मेसिन थपिएपछि नियमित हेमोडायलाइसिस आवश्यक पर्ने बिरामीलाई स्थानीयस्तरमै सेवा लिन थप सहज हुने अपेक्षा गरिएको छ ।

गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले स्थानीय तहको नेतृत्वमा आउँदै गर्दा मिर्गौला रोगका बिरामीले उपचारका लागि चितवन लगायतका अस्पतालमा हजारौँ रूपैयाँ खर्च गरेर धाउनुपर्ने तथा समयमै पालो नपाएर विभिन्न ठाउँमा भौँतारिनुपर्ने अवस्थाको अन्त्य गर्ने आफ्नो अठोट रहेको बताए ।

"पालिकाको नेतृत्वमा उम्मेदवार बन्दै गर्दा मिर्गौलाका हेमोडायलाइसिस बिरामीले हजारौँ रूपैयाँ खर्च गरेर चितवन लगायतका अस्पताल धाउनुपर्ने, पालो नपाएर चारैतिर भौँतारिनुपर्ने अवस्थाको समाधान गर्ने अठोट थियो। आज त्यो सेवा स्थानीयस्तरमै विस्तार गर्न पाउँदा गौरव महसुस भएको छ", अध्यक्ष चुमानले भने।



गाउँपालिकामा डायलाइसिस सेवा सञ्चालनलाई आफ्नो कार्यकालको उपलब्धिमूलक कामका रूपमा उल्लेख गर्दै उनले सेवा विस्तारमा सहयोग पुऱ्याएकोमा गण्डकी प्रदेश सरकारप्रति गाउँपालिकाको तर्फबाट आभार व्यक्त गरे ।

छ वटा मेसिनबाट सेवा सञ्चालन भएपछि नियमित डायलाइसिस आवश्यक पर्ने बिरामीले उपचारका लागि टाढाका अस्पताल धाउनुपर्ने बाध्यता कम हुने र स्थानीयस्तरमै थप सहज तथा प्रभावकारी सेवा प्राप्त गर्ने विश्वास गरिएको छ ।

# वर्षाले घर भत्किएपछि वडाध्यक्षद्वारा सहयोग

**भञ्ज्याङ समाचारदाता**/दमौली

अविरल वर्षाका कारण तनहुँको भिमाद नगरपालिका–३ सुनाकोटमा एउटा घर पूर्ण रूपमा भत्किएको छ । शनिबार परेको वर्षाका कारण स्थानीय रामकुमार श्रेष्ठको घर भत्किएको हो ।

घर भत्किएपछि श्रेष्ठको परिवारले वैकल्पिक बासको व्यवस्था वडाध्यक्ष पदमसेन ठकुरीले आफूले प्राप्त गर्ने सुविधाबाट रू १५ हजार आइतबार पीडित परिवारलाई सहयोग गरेका छन्। घर पूर्ण रूपमा क्षति भएपछि श्रेष्ठ परिवारलाई सुरक्षित र स्थायी बासस्थानको व्यवस्था गर्न सहयोग आवश्यक देखिएकाले तत्कालका लागि केही रकम उपलब्ध गराएको उनले बताए।

स्थानीय तह तथा सम्बन्धित सरकारी निकायबाट आवश्यक राहत, पुनःस्थापना तथा आवास व्यवस्थापनमा सहयोगको पहल गर्ने वडाध्यक्ष ठकुरीले बताए ।


bhanjyangnews.com

Email- bhanjyangdml@gmail.com

## सम्पादकीय ............

www.bhanjyangnews.com

# समृद्धिको आधार पर्यटन

नेपाल प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र धार्मिक सम्पदाले सम्पन्न देश हो। ती सम्पदामध्ये तनहुँ जिल्ला पनि विशिष्ट पहिचान बोकेको क्षेत्र हो। पृथ्वी राजमार्गले जोडिएको, काठमाडौं र पोखराबीचको सहज पहुँचमा रहेको तनहुँले बन्दीपुर, देवघाटधाम, व्यासगुफा, शुक्लागण्डकी र आदिकवि भानुभक्त आचार्यको जन्मस्थलजस्ता चर्चित गन्तव्यका कारण देश–विदेशमा आफ्नो परिचय बनाइसकेको छ। तर, यिनै चर्चित गन्तव्यको छायाँमा रहेका धेरै प्राकृतिक, धार्मिक, ऐतिहासिक र सांस्कृतिक स्थल अझै पनि अपेक्षित रूपमा उजागर हुन सकेका छैनन्। यी ओझेलमा परेका गन्तव्यलाई पर्यटनको मूलधारमा ल्याउन सके तनहुँको आर्थिक तथा सामाजिक विकासले नयाँ गति लिन सक्छ। पछिल्ला वर्षमा पर्यटनप्रति नेपालीहरूको आकर्षण उल्लेखनीय रूपमा बढेको छ। छोटो बिदा, सहज यातायात र सामाजिक सञ्जालको प्रभावका कारण नयाँ–नयाँ स्थान घुम्ने संस्कृतिको विकास भइरहेको छ। यही परिवर्तनले पहिला कम चर्चामा रहेका गन्तव्यलाई पनि अवसर दिएको छ। मानहुँकोट, छिम्केश्वरी, तनहुँसुर, मिर्लुङकोट, पुलिमराङ, टुटेपानी, घण्टाचुली, विभिन्न गुफा तथा ग्रामीण बस्ती अहिले विस्तारै पर्यटकको रोजाइमा पर्न थालेका छन्। यो सकारात्मक संकेत हो।

पर्यटन केवल प्राकृतिक दृश्य हेर्ने विषय मात्र होइन। स्थानीय संस्कृति, भाषा, रहनसहन, खानपान, कला र इतिहास पनि पर्यटनका महत्वपूर्ण आधार हुन्। तनहुँमा दरै, मगर, गुरूङ, नेवार, ब्राह्मण, क्षेत्रीलगायत विभिन्न समुदायको मौलिक संस्कृति जीवित छ। चुड्का नाच, रोधी संस्कृति, कौराहा, स्थानीय मेलापर्व, परम्परागत भोजन र ग्रामीण जीवनशैलीले पर्यटकलाई फरक अनुभव दिन सक्छ। यस्ता सम्पदालाई व्यवस्थित रूपमा पर्यटनसँग जोड्न सके स्थानीय संस्कृति संरक्षणसँगै आम्दानीको स्रोत पनि विस्तार हुनेछ। ग्रामीण पर्यटन र घरबास (होमस्टे) को अवधारणाले पनि तनहुँका गाउँमा नयाँ सम्भावना सिर्जना गरेको छ। पर्यटक अहिले तारे होटलभन्दा गाउँको वास्तविक जीवन बुझ्न रूचाउँछन्। स्थानीय परिकार, कृषि अनुभव, लोकसंस्कृति र आत्मीय आतिथ्य नै ग्रामीण पर्यटनको विशेषता हो। यसबाट महिलाको आर्थिक सशक्तीकरण, युवालाई गाउँमै रोजगारी, स्थानीय कृषि उत्पादनको बजार विस्तार तथा हस्तकलाको प्रवर्द्धन सम्भव भएको छ। पर्यटनले गाउँको अर्थतन्त्रलाई चलायमान बनाउने क्षमता राख्छ भन्ने उदाहरण तनहुँका धेरै गाउँले देखाउन थालेका छन्।

पछिल्ला वर्षमा सामाजिक सञ्जालले पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका खेलेको छ। फेसबुक, युट्युब, टिकटक तथा अन्य डिजिटल माध्यममा सार्वजनिक भएका भिडियो र तस्बिरले धेरै ओझेलमा रहेका गन्तव्यलाई एकाएक चर्चामा ल्याएका छन्। कम लागतमा लाखौं मानिससम्म सूचना पुग्ने भएकाले डिजिटल प्रचार आजको प्रभावकारी माध्यम बनेको छ। तर प्रचारसँगै पूर्वाधार विकास पनि समान गतिमा हुन आवश्यक छ। प्रचारले पर्यटक ल्याउने हो, तर उनीहरूको अनुभव राम्रो बनाउन सडक, खानेपानी, शौचालय, पार्किङ, सूचना केन्द्र, विश्रामस्थल र सरसफाइ अनिवार्य हुन्छ। यी आधारभूत पक्ष कमजोर भए पर्यटनको दीर्घकालीन विकास सम्भव हुँदैन। तनहुँका अधिकांश पर्यटकीय क्षेत्रले अझै पनि यस्तै चुनौती भोगिरहेका छन्। कतिपय स्थानमा सडक सहज छैन। कतै पर्याप्त आवास सुविधा छैन भने कतै खानेपानी, शौचालय र सुरक्षा व्यवस्थाको अभाव छ। पर्यटन क्षेत्रको एकीकृत योजना, दक्ष जनशक्ति र प्रभावकारी व्यवस्थापनको कमी पनि देखिन्छ। स्थानीय तहले वार्षिक बजेट छुट्याइरहे पनि दीर्घकालीन दृष्टिकोणसहितको योजना अझै आवश्यक छ। प्रदेश र संघीय सरकारबीच समन्वय गर्दै निजी क्षेत्र तथा स्थानीय समुदायलाई पनि समान रूपमा सहभागी गराउनुपर्छ।

पर्यटन विकाससँगै वातावरण संरक्षणलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ। प्राकृतिक सम्पदाको दोहन, प्लास्टिकजन्य फोहर, अनियन्त्रित संरचना निर्माण र वन विनाशले पर्यटनलाई नै दीर्घकालमा नोक्सान पुऱ्याउन सक्छ। त्यसैले दिगो पर्यटनको अवधारणालाई व्यवहारमा लागू गर्नु अपरिहार्य छ। पर्यटक बढ्नु मात्रै सफलता होइन, प्रकृति र संस्कृतिको संरक्षण गर्दै पर्यटनलाई दिगो बनाउनु नै वास्तविक उपलब्धि हो। तनहुँमा पर्यटनको सम्भावना केवल केही चर्चित गन्तव्यमा सीमित छैन। जिल्लाका दर्जनौं प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलले अझै पनि आˆनो परिचय खोजिरहेका छन्। ती गन्तव्यलाई योजनाबद्ध रूपमा विकास गर्ने, स्थानीय समुदायको स्वामित्व सुनिश्चित गर्ने, आधुनिक प्रविधिमार्फत विश्वसामु चिनाउने र आवश्यक पूर्वाधार निर्माण गर्ने हो भने तनहुँ गण्डकी प्रदेशकै प्रमुख पर्यटन गन्तव्य बन्न सक्छ। अब आवश्यक कुरा सम्भावना गन्ने होइन, त्यसलाई व्यवहारमा उतार्ने हो। ओझेलमा रहेका गन्तव्यलाई उजागर गर्नु भनेको केवल पर्यटक बढाउनु मात्र होइन; स्थानीय अर्थतन्त्र सुदृढ बनाउनु, रोजगारी सिर्जना गर्नु, संस्कृति जोगाउनु र गाउँलाई समृद्ध बनाउनु पनि हो। पर्यटनको वास्तविक लाभ स्थानीय नागरिकसम्म पुग्ने गरी नीति, योजना र कार्यान्वयनमा सबै पक्षले समान प्रतिबद्धता देखाउन सके तनहुँका ओझेलमा रहेका गन्तव्यहरु नै भोलिको समृद्धिको आधार बन्नेछन्।

# नेपाली नागरिकका समस्या र सरकारको दाबी

हाम्रो देशमा जनताले कहिल्यै सुख पाउने भएनन् कि भन्ने प्रश्न आज गम्भीर रूपमा उठ्न थालेको छ। नागरिकले दैनिक जीवनमा भोगिरहेका समस्या र सरकारका तर्फबाट गरिने सुशासन तथा सेवा–सुविधाका दाबीबीच ठूलो अन्तर देखिन्छ। अस्पतालदेखि ग्यास, पासपोर्टदेखि सवारी चालक अनुमतिपत्रसम्म नागरिकले लामो लाइन, अनिश्चित प्रतीक्षा र अतिरिक्त खर्चको सामना गर्नुपरिरहेको छ। सरकार भने समस्या समाधान भइरहेको दाबी गरिरहेको छ। तर जनताको वास्तविक जीवनले सरकारको दाबीलाई पुष्टि गरिरहेको देखिँदैन ।

स्वास्थ्य सेवा लिन अस्पताल पुग्दा नागरिकले पहिलो चरणमै सास्ती भोग्नुपर्छ। एउटा रोग जाँच गराउन ओपीडीको लाइनमा घण्टौं उभिनुपर्छ । पर्चा काटेपछि चिकित्सक भेट्न पुनः कुर्नुपर्छ । औषधिका लागि अर्को लाइन लाग्नुपर्छ र अन्ततः 'यो औषधि बाहिरबाट किन्नुहोस्' भन्ने जवाफ आउँछ। बिरामीका लागि उपचारभन्दा लामो प्रतीक्षा र तनाव नै ठूलो समस्या बन्ने अवस्था छ।

स्वास्थ्य बिमा पनि अपेक्षाअनुसार प्रभावकारी हुन सकेको छैन। कतिपय क्षेत्रमा यसले नागरिकलाई राहत दिएको भए पनि धेरै रोगका उपचारमा बिमाको सुविधा सीमित देखिन्छ। अझ बिमाको दायरा र प्रभावकारिता विस्तार गर्नुको सट्टा त्यसलाई कमजोर बनाउने वा सीमित गर्ने प्रयास भएको अनुभूति नागरिकमा बढिरहेको छ। स्वास्थ्यजस्तो आधारभूत सेवामा राज्य अझ बढी संवेदनशील हुन आवश्यक छ।

निजी अस्पतालमा सामान्य रूघाखोकीको उपचारका लागि समेत ठूलो रकम खर्च गर्नुपर्ने अवस्था छ। स्वास्थ्य सेवा नागरिकको अधिकार हो कि व्यापारको वस्तु भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। निजी क्षेत्रले सेवा प्रदान गर्दा आˆनो लागत र व्यावसायिक पक्ष हेर्नु स्वाभाविक भए पनि बिरामीलाई अनावश्यक परीक्षण र खर्चको बोझ बोकाउने प्रवृत्तिमाथि प्रभावकारी नियमन आवश्यक छ।

वर्षायाममा डेंगुलगायत संक्रामक रोगको जोखिम बढ्छ। यस्तो समयमा सरकारी अस्पतालमा परीक्षण तथा उपचार सहज, छिटो र सर्वसुलभ हुनुपर्ने हो। तर बिरामीले शुल्क तिरेर पनि घण्टौं लाइनमा बस्नुपर्ने अवस्था रहनु विडम्बना हो। रोग नियन्त्रणका लागि चेतना, सरसफाइ र लामखुट्टे नियन्त्रणसँगै स्वास्थ्य संस्थाको सेवा प्रवाहमा सुधार अपरिहार्य छ।

यस्तै समस्या अहिले खाना पकाउने एलपी ग्यासको आपूर्तिमा पनि देखिएको छ । नागरिकहरु खाली सिलिन्डर बोकेर रातिदेखि लाइनमा बस्न बाध्य छन्। सिलिन्डर कहिले भरिएर पाइन्छ भन्ने निश्चित छैन । ग्यासको आपूर्तिमा समस्या भए वैकल्पिक ऊर्जाको व्यवस्था गर्नुपर्ने दायित्व पनि सरकारकै हो। वनको देशमा ग्रामीण तथा विपन्न नागरिकले दाउरा किन्नुपर्ने अवस्था रहनु पनि विडम्बनापूर्ण छ।

नागरिकको ठूलो समय अहिले आधारभूत आवश्यकताको व्यवस्थापनमै बितिरहेको छ। कोही ग्यासको लाइनमा छन्, कोही अस्पतालको लाइनमा, कोही पासपोर्टका लागि र कोही सवारी चालक अनुमतिपत्रका लागि। यसरी आफ्नो दैनिक काम छाडेर सरकारी सेवाका लागि लाइन बस्नुपर्ने नागरिकले राज्यबाट कस्तो सुशासनको अनुभूति गर्ने ?

रोजगारीको अवस्था झनै चिन्ताजनक छ। देशभित्र पर्याप्त रोजगारीको अवसर सिर्जना हुन नसक्दा ठूलो संख्यामा युवा विदेशिन बाध्य छन्। पढाइका लागि लिएको ऋण तिर्ने आधार नहुँदा डिग्री हासिल गरेका युवासमेत खाडी मुलुक पुगेर कठिन श्रम गर्न बाध्य छन्। विदेश जान भाषा प्रशिक्षण, पासपोर्ट, श्रम स्वीकृति र अन्य प्रक्रियामा समय तथा ठूलो रकम खर्च हुन्छ। सरकारले पासपोर्ट घरमै पुऱ्याउनेदेखि युवालाई स्वदेशमै रोजगारी दिने अनेकौं घोषणा गरेको छ। तर घोषणाको तुलनामा कार्यान्वयन कमजोर हुँदा नागरिकमा निराशा बढेको छ।

सवारी चालक अनुमतिपत्र लिनुपर्ने नागरिकको पीडा पनि उस्तै छ। फाराम भर्ने, लिखित परीक्षाको पालो कुर्ने, परिणाम पर्खने, प्रयोगात्मक परीक्षा दिने र अन्ततः स्मार्ट कार्डका लागि पुनः प्रतीक्षा गर्ने प्रक्रिया लामो र झन्झटिलो छ। विशेषगरी ग्रामीण क्षेत्रबाट सदरमुकाम वा सीमित परीक्षा केन्द्रसम्म पुग्नुपर्ने नागरिकले थप समय र खर्च व्यहोर्नुपर्छ। प्रत्येक जिल्लामा पर्याप्त र व्यवस्थित परीक्षा केन्द्रको व्यवस्था गर्न सके नागरिकको ठूलो समस्या समाधान हुन सक्छ।

सार्वजनिक सेवाको उद्देश्य नागरिकलाई सुविधा दिनु हो, दुःख दिनु होइन। प्रविधिको युगमा सामान्य सेवाका लागि समेत नागरिकले शारीरिक रूपमा उपस्थित भएर घण्टौं लाइन बस्नुपर्ने अवस्था आफैंमा सुशासनको कमजोर उदाहरण हो। सरकारले अनलाइन सेवा, डिजिटल प्रणाली र घरदैलो सेवा विस्तार गर्ने घोषणा गरे पनि त्यसको प्रभाव नागरिकले प्रत्यक्ष अनुभव गर्ने गरी कार्यान्वयन गर्न आवश्यक छ।



सुरेशकुमार पाण्डे

> सार्वजनिक सेवाको उद्देश्य नागरिकलाई सुविधा दिनु हो, दुःख दिनु होइन। प्रविधिको युगमा सामान्य सेवाका लागि समेत नागरिकले शारीरिक रूपमा उपस्थित भएर घण्टौं लाइन बस्नुपर्ने अवस्था आफैंमा सुशासनको कमजोर उदाहरण हो। सरकारले अनलाइन सेवा, डिजिटल प्रणाली र घरदैलो सेवा विस्तार गर्ने घोषणा गरे पनि त्यसको प्रभाव नागरिकले प्रत्यक्ष अनुभव गर्ने गरी कार्यान्वयन गर्न आवश्यक छ ।

महँगी र बजार व्यवस्थापनको समस्या पनि उत्तिकै गम्भीर छ। पेट्रोलियम पदार्थको मूल्यमा सामान्य परिवर्तन हुँदा समेत बजारमा कृत्रिम अभाव सिर्जना हुने, पेट्रोल पम्प बन्द हुने वा उपभोक्ताले लाइन बस्नुपर्ने अवस्था दोहोरिन्छ। एलपी ग्यासको आपूर्तिमा देखिने समस्या पनि यसैसँग जोडिन्छ। अत्यावश्यक वस्तुको आपूर्ति नियमित राख्न नसक्नु र बजारमा कृत्रिम अभाव सिर्जना हुन दिनु राज्यको नियमनकारी क्षमतामाथि प्रश्न हो।

नेपालमा प्राकृतिक ग्यासको सम्भावनाबारे पछिल्ला वर्षहरूमा आशा जगाउने समाचारहरु आएका थिए। दैलेख क्षेत्रमा गरिएको पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषणबाट मिथेन ग्यासको सम्भावना देखिएको बताइएको थियो। त्यसपछि नेपाली जनतामा स्वदेशमै ऊर्जा स्रोतको विकास हुने र भविष्यमा आयातमा निर्भरता घट्ने आशा पलाएको थियो। तर अन्वेषणपछि उत्पादन र व्यावसायिक उपयोगको ठोस प्रगति जनताले देख्न सकेका छैनन्। ग्यासको सम्भावना र वास्तविक उत्पादनबीचको दूरी स्पष्ट गर्न सरकारले नागरिकलाई यथार्थ जानकारी दिनुपर्छ।

कृषि क्षेत्रमा पनि मल, बीउ र बजारको समस्या समाधान हुन सकेको छैन। किसानले उत्पादन गर्ने तर उत्पादनको उचित मूल्य नपाउने, मलका लागि लाइन बस्नुपर्ने र कृषि सामग्रीका लागि बिचौलियामा निर्भर हुनुपर्ने अवस्था अन्त्य हुन सकेको छैन। एकातिर देशमा बेरोजगारी बढिरहेको छ भने अर्कोतिर कृषियोग्य जमिन बाँझिँदै गएको छ। यस्तो अवस्थामा कृषि र रोजगारीलाई जोडेर स्वदेशमै उत्पादन र आयआर्जनको वातावरण बनाउनु आवश्यक छ।

सरकारमा पुग्ने हरेक दल र नेतृत्वले जनतालाई ठूला सपना देखाउने गरेका छन्। शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासन, भ्रष्टाचार नियन्त्रण, महँगी नियन्त्रण तथा सार्वजनिक सेवा सहज बनाउने प्रतिबद्धता

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
पहिलेको उपलब्धिले काममा हौसला जगाउनेछ। विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ।

**वृष**
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन्। काम बन्नुका साथै धनलाभ हुनेछ।

**मिथुन**
बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुन सक्छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।

**कर्कट**
अरुको विश्वास गर्दा गोपनीयता बाहिरिन सक्छ। अवसरवादीहरूले फाइदा उठाउन सक्छन्।

**सिंह**
हडबड गर्नाले काम बिग्रन सक्छ। साथीभाइ टाढिनेछन् भने अरूको फाइदाका लागि उपयोग भइनेछ।

**कन्य**
फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका पाइनेछ।

**तुला**
आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**वृश्चिक**
जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्याउँदा समस्या पर्ला। काममा प्रतिस्पर्धा बढ्नेछ

आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने योग छ। थोरै लगानीबाट धेरै नाफा उठाउन सकिनेछ।

**मकर**
पहिलेका कमजोरी सच्याउन काम दोहोर्याउनुपर्ला। तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्न सक्छ।

**कुम्भ**
आगन्तुकले अलमल्याउने हुँदा काममा बाधा हुनेछ। अरूको फाइदाका लागि उपयोग भइएला।

**मीन**
सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ। तापनि पहिलेका कमजोरी सच्याउन सकिनेछ।

# 'मेलमिलाप'लाई प्रोत्साहन .....

स्थानीयस्तरसम्म विस्तार गर्न संघीय संरचनाबमोजिम ऐनलाई परिमार्जन गरी 'मेलमिलापसम्बन्धी ऐन, २०८३' लाई समसामयिक बनाउन नयाँ कानुन ल्याइएको बताउनुभयो । उहाँले यस आर्थिक वर्षलाई सरकारले कानुन सुधारको वर्षका रूपमा घोषणा गरेकाले विभिन्न विधेयक पेस गर्ने क्रममा यो विधेयक प्राथमिकतामा परेको जनाउनुभयो ।

यही साउन १४ गते प्रतिनिधिसभामा दर्ता भएको सो विधेयकलाई मन्त्री गौतमले प्रतिनिधिसभाको साउन २५ गतेको बैठकमा प्रस्तुत गर्नुभएको थियो । मन्त्री गौतमका अनुसार प्रस्तावित संशोधन विधेयकको मूल उद्देश्य मेलमिलाप प्रक्रियालाई प्रभावकारी बनाउनुका साथै यसको पहुँच स्थानीयस्तरसम्म विस्तार गर्नु रहेको सदनलाई जानकारी दिनुभयो ।

विधेयकले विवाद समाधानमा मेलमिलापकर्ताको सङ्ख्यासम्बन्धी व्यवस्था सरलीकृत गरी विवाद समाधान गर्ने, पाँच जना वा सोभन्दा बढी न्यायाधीश भएको जिल्लामा जिल्ला न्यायाधीशमध्येबाट प्रधानन्यायाधीशले तोकेको न्यायाधीशले त्यस्तो अदालत पक्षबाट कुनै सेवासुविधा नलिई काम गर्नसक्ने व्यवस्था गरेको छ।

वाणिज्य क्षेत्रसँग विवादित मुद्दा मेलमिलापबाट समाधान गर्ने वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्द्धन समिति गठन गर्ने, मेलमिलाप समन्वय समितिको संरचनालाई प्रदेश र जिल्लामा विस्तार गर्ने, सामुदायिक मेलमिलापको कार्यलाई व्यवस्थित बनाउने स्थानीय तहमा सामुदायिक मेलमिलाप केन्द्र बनाउने व्यवस्था विधेयकमा रहेको छ । विधेयक पारित भएमा स्थानीय तहमा मेलमिलापकर्ताका लागि स्नातक उपाधि हासिल गरेका व्यक्ति उपलब्ध नभएमा कम्तीमा माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरेका व्यक्तिहरूले मेलमिलापकर्ताको रूपमा काम गर्न सक्नेछन् । विधेयकमा मेलमिलाप सम्बन्धी कार्यलाई सहज बनाउन श्रव्यदृश्यमार्फत गर्न सकिने व्यवस्था गरिएको छ ।

**न्यायाधीशले नै मेलमिलाप गराउने अन्तर्राष्ट्रिय अभ्यास**

मेलमिलाप परिषद् नेपालका सदस्य एवं वरिष्ठ अधिवक्ता विष्णुमाया भुसाल अदालतमा मुद्दा गएपछि न्यायाधीशबाट न्याय पाइन्छ भन्ने कतिपय सेवाग्राहीको सोच हुनु आफैँमा अन्यथा होइन तर न्यायालयमा मेलमिलाप गराउने खालका न्यायाधीश पनि हुनुहुन्छ भन्ने सबैलाई थाहा नहुँदा मेलमिलाप प्रक्रियाले सोचे जति गति नलिएको बताउनुभयो । "मेलमिलाप गराउन बस्ने न्यायाधीशले अन्तिम फैसला गर्न नपाउने गरी यसमा व्यवस्था गरिएको छ । यसले फाइदा नै गर्छ । मूलत: न्यायाधीश नै ठूलो हो, न्यायाधीशले नै न्याय दिने हो भन्ने बुझाई सेवाग्राहीको हुन्छ । यस्तो खालको व्यवस्था जापान, कोरिया, फिलिपिन्समा पनि छ । न्यायाधीशले पनि मिल्नुपर्छ भनेर भनेमा 'कन्भिन्स' गर्न सहज हुन्छ", वरिष्ठ अधिवक्ता भुसालले भन्नुभयो, "यो संशोधन मेलमिलाप परिषद्मै प्रारम्भिक मस्यौदा बनाएर कानुन मन्त्रालयमा पठाइएको हो। कानुन सचिव परिषद्को पदेन सदस्य हुने व्यवस्था छ । हामीले धेरै छलफल र परामर्श गरेर नै विधेयकको मस्यौदा बनाएका हौँ।"

व्यापारिक कारोबारका विवाद लामो समयसम्म अदालतमा विचाराधीन रहँदा व्यवसायको समय, लागत र सम्बन्धमा असर पर्नसक्ने भएकाले छिटो विवाद समाधानको वैकल्पिक माध्यमका रूपमा मेलमिलापलाई विस्तार गर्न सरकारले कानुनी संशोधन प्रस्ताव गरिएको देखिन्छ। मेलमिलापकर्ताले विवादका दुवै पक्षलाई समान अवसर प्रदान गर्दै सहमतिका लागि सहज वातावरण सिर्जना गर्नुपर्ने भएकाले उनीहरूको क्षमता, निष्पक्षता र व्यावसायिक दक्षता महत्वपूर्ण हुन्छ। यसका लागि मेलमिलाप परिषद्ले आधारभूत तथा उन्नत तालिम सञ्चालन गर्दै आएको छ । परिषद्को उन्नत तालिममा सूचीकृत भई कम्तीमा दुईवटा विवादमा मेलमिलापकर्ताका रूपमा अनुभव हासिल गरेका व्यक्तिलाई सहभागी गराउने व्यवस्था रहेको छ ।

नेपालमा अदालत बाहिर विवाद समाधान गर्ने प्रभावकारी माध्यमका रूपमा मेलमिलापको अभ्यास पहिलादेखि नै हुँदै आएको छ । पक्षहरूबीच संवाद गराएर उनीहरूकै सहमतिमा विवाद समाधान गर्ने भएकाले मेलमिलापले समय, खर्च र सामाजिक सम्बन्ध जोगाउन सहयोग पुर्‍याउने अपेक्षा गरिन्छ तर मेलमिलापको संस्थागत संरचना, दक्ष जनशक्ति, समन्वय र स्थानीय तहसम्म यसको पहुँचलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिँदै आएको छ । यही आवश्यकतालाई सम्बोधन गर्ने गरी प्रस्तावित संशोधनले विद्यमान व्यवस्थालाई संघीय संरचना अनुकूल बनाउने प्रयास गरेको छ।

**प्रस्तावित विधेयकका व्यवस्था**

प्रस्तावित व्यवस्थाको महत्वपूर्ण पक्षका रूपमा प्रदेश र जिल्लास्तरमा 'मेलमिलाप समन्वय समिति' गठन गर्ने अवधारणा रहेको छ । यसले सम्बन्धित तहमा मेलमिलापसम्बन्धी कामको समन्वय, सहजीकरण, अनुगमन तथा प्रवर्द्धनमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । यसले मेलमिलापको कामलाई केवल अदालत वा केन्द्रीय संरचनामा सीमित नराखी प्रदेश, जिल्ला र स्थानीय तहसँग जोड्ने बाटो खोल्ने जानकारहरूको बुझाई रहेको छ ।

स्थानीयस्तरमा हुने स(साना विवाद लामो समयसम्म अदालतमा पुग्दा पक्षहरूको समय र आर्थिक स्रोत खर्च हुने गरेको छ । छिमेकी बीचको विवाद, लेनदेन, पारिवारिक तथा सामाजिक प्रकृतिका विवादलाई संवाद र सहमतिका माध्यमबाट टुङ्ग्याउन सके अदालतको कार्यबोझसमेत कम हुन सक्छ ।

विभिन्न स्थानीय तहमा न्यायिक समितिका अतिरिक्त यसअघि नै सामुदायिक तथा नगरस्तरीय मेलमिलाप केन्द्र सञ्चालनमा रहेका छन् । उदाहरणका रूपमा पुतलीबजार नगरपालिकाले नगरस्तरीय मेलमिलाप केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि जारी गरेको छ भने रत्ननगर नगरपालिकामा नगरस्तरीय मेलमिलाप समन्वय समिति गठन तथा पुनर्गठनको अभ्याससमेत भएको देखिन्छ । विधेयकले मेलमिलापकर्ताको नियुक्ति तथा व्यवस्थापनसम्बन्धी प्रक्रियालाई समेत सरलीकृत गर्ने प्रस्ताव गरेको छ । दक्ष र पर्याप्त सङ्ख्यामा मेलमिलापकर्ता उपलब्ध गराउनु मेलमिलाप प्रणालीको प्रभावकारिताका लागि महत्वपूर्ण मानिन्छ । प्रस्तावित संशोधन कार्यान्वयनमा आएमा मेलमिलापकर्ताको उपलब्धता, नियुक्ति र कार्यसम्पादनलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । प्रस्तावित कानुनी सुधारले व्यक्तिगत तथा सामाजिक विवादमा मात्र नभई व्यावसायिक तथा वाणिज्य विवादको मेलमिलापमार्फत समाधान गर्ने वातावरणलाई समेत प्रोत्साहन गर्ने उद्देश्य राखेको छ । रासस

**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।
**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।
**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्कको चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?
**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।
**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पर्‍यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुर्‍याउँछ ।
**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**भिमाद नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भिमाद, तनहुँ । गण्डकी प्रदेश

# नेपाली नागरिकका .....

सबैबाट आउने गर्छ। तर नागरिकले प्रत्यक्ष अनुभव गर्ने परिणाम भने अपेक्षाअनुसार देखिँदैन। यही कारण सरकारका दाबी र जनताको भोगाइबीचको दूरी दिनप्रतिदिन बढिरहेको छ।

यो आलोचना कुनै दल वा व्यक्तिप्रतिको पूर्वाग्रहका आधारमा होइन। सत्तामा जो आए पनि नागरिकले आधारभूत सेवा सहज रूपमा पाउनुपर्छ भन्ने सामान्य लोकतान्त्रिक अपेक्षाका आधारमा प्रश्न उठाइएको हो। जनताले निर्वाचनमार्फत सरकारलाई अधिकार दिएका हुन्, सास्ती भोग्न होइन। उनीहरूले शान्ति, स्थायित्व, सुशासन, रोजगारी र सम्मानपूर्वक बाँच्ने वातावरणका लागि मत दिएका हुन्।

यदि नागरिकले अस्पतालमा उपचारका लागि, ग्यास किन्न, पासपोर्ट बनाउन, लाइसेन्स लिन र अन्य सामान्य सरकारी सेवा प्राप्त गर्न निरन्तर लाइन बस्नुपर्ने अवस्था भोगिरहनुपर्छ भने सरकारले आफ्ना उपलब्धिको मूल्यांकन जनताको आँखाबाट गर्नुपर्छ। सरकारको सफलता भाषण र घोषणामा होइन, नागरिकको दैनिक जीवनमा देखिने सहजतामा मापन हुन्छ।

भ्रष्टाचार केवल रकमको लेनदेनमा मात्र सीमित हुँदैन। सार्वजनिक सेवा जानाजानी जटिल बनाउने, अनावश्यक ढिलाइ गर्ने, बिचौलियाको भूमिका बढ्ने अवस्था सिर्जना गर्ने र नागरिकलाई अतिरिक्त खर्च गर्न बाध्य पार्ने प्रवृत्तिले पनि भ्रष्टाचारलाई मलजल गर्छ। त्यसैले भ्रष्टाचार नियन्त्रणको अभियान नारामा सीमित नभई सेवा प्रवाहको संरचनामै सुधार ल्याउने दिशामा केन्द्रित हुनुपर्छ।

जनताको असन्तुष्टि निरन्तर बढ्दै गए त्यसले राजनीतिक परिणाम पनि निम्त्याउँछ। विगतमा पनि जनताको असन्तुष्टि सडक आन्दोलन र राजनीतिक परिवर्तनको कारण बनेको इतिहास छ। आजको सरकार होस् वा भोलिको सरकार– कुनै पनि शक्ति जनताको धैर्यलाई कमजोर ठान्ने गल्ती गर्नु हुँदैन।

जनताले सरकारसँग चमत्कार मागेका छैनन्। उनीहरूले सहज स्वास्थ्य सेवा, नियमित ग्यास र खाद्यान्न आपूर्ति, रोजगारीको अवसर, किसानका लागि मल–बीउ, सरल सरकारी सेवा र भ्रष्टाचाररहित प्रशासन मागेका हुन्। यी आधारभूत आवश्यकता पूरा गर्न नसक्ने सरकारले जतिसुकै सुशासनको दाबी गरे पनि त्यो दाबीले नागरिकलाई सन्तुष्ट बनाउन सक्दैन।

त्यसैले अहिलेको आवश्यकता आरोप–प्रत्यारोपभन्दा माथि उठेर राज्यको सेवा प्रणालीमा आमूल सुधार गर्नु हो। अस्पतालमा लाइन घटाउने, औषधि सहज बनाउने, स्वास्थ्य बिमालाई प्रभावकारी बनाउने, अत्यावश्यक वस्तुको नियमित आपूर्ति सुनिश्चित गर्ने, पासपोर्ट र लाइसेन्सजस्ता सेवामा डिजिटल तथा विकेन्द्रीकृत प्रणाली लागू गर्ने, युवाका लागि स्वदेशमै रोजगारी सिर्जना गर्ने र बजारमा हुने कृत्रिम अभाव तथा कालोबजारी नियन्त्रण गर्ने काम सरकारको प्राथमिकतामा पर्नुपर्छ ।

अन्तत: सरकारको दाबीभन्दा जनताको अनुभव ठूलो सत्य हो। जनताले सुख, सम्मान र सहज जीवनको अनुभूति गर्न पाए सरकार सफल भएको मानिनेछ। अन्यथा कागजमा लेखिएका उपलब्धि र भाषणमा गरिएका दाबीले बढ्दो असन्तुष्टिलाई रोक्न सक्ने छैनन्। नागरिकको धैर्यको पनि सीमा हुन्छ। त्यो सीमा नाघ्दै गए जनताको असन्तुष्टि विद्रोहको आवाजमा परिणत हुन सक्छ। त्यसैले सरकार समयमै सचेत होस्– जनताको आवाज सुन्ने र समस्या समाधान गर्ने यही सही समय हो ।

**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**
**सम्पर्क : ०६५-५६३९०७**
**www.bhanjyangnews.com**
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

**विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना**

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**भदौ ०७ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
ब्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




## सुनसान जोमसोम विमानस्थल

मुस्ताङको घरपझोङ गाउँपालिका–३ मा अवस्थित जोमसोम विमानस्थल । प्रतिकूल मौसम र पर्यटकीय अफसिजनका कारण पोखरा–जोमसोम हवाई उडान भर्ने निजी वायु सेवा कम्पनीले अहिले नियमित हवाई उडान स्थगित गरेका छन् ।

*तस्बिर : सुन्दरकुमार थकाली/रासस*

# कृषि सामग्री कम्पनी दमौलीबाट दुई हजार मेट्रिकटनभन्दा बढी मल बिक्री

**भञ्ज्याङ समाचारदाता**/दमौली

कृषि सामग्री कम्पनी दमौलीले एक वर्षको अवधिमा दुई हजार ७०० मेट्रिकटनभन्दा बढी मल बिक्री गरेको छ। कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा दुई हजार ७६६ दशमलव ६७ मेट्रिकटन मल बिक्री गरेको हो ।

कार्यालय प्रमुख विजया बास्कोटाका अनुसार तनहुँमा एक हजार ९०३ दशमलव शून्य ७५ मेट्रिकटन र लमजुङमा ८६३ दशमलव ६०० मेट्रिकटन मल बिक्री गरिएको छ । उक्त अवधिमा युरिया, डिएपी, पोटास र चुन मल बिक्री गरिएको उनले बताए ।

बास्कोटाका अनुसार तनहुँमा एक हजार ३८३ दशमलव १५० मेट्रिकटन युरिया, ४६५ दशमलव १०० मेट्रिकटन डिएपी, ४७ दशमलव २५० मेट्रिकटन पोटास र सात दशमलव ५७५ मेट्रिकटन चुन बिक्री गरिएको छ।

यस्तै, लमजुङमा ६४३ दशमलव ८०० मेट्रिकटन युरिया, १७७ दशमलव २०० मेट्रिकटन डिएपी, ३५ दशमलव ९०० मेट्रिकटन पोटास र छ दशमलव ७०० मेट्रिकटन चुन बिक्री गरिएको प्रमुख बास्कोटाले जानकारी दिए।




उक्त आवमा दुई हजार ७५१ मेट्रिकटन मल प्राप्त भएको थियो भने अघिल्लो आवको २०० दशमलव १२५ मेट्रिकटन मौज्दात थियो ।

आव २०८२/८३ मा बिक्री भएर १८४ दशमलव ४५० मेट्रिकटन मल चालु आवका लागि मौज्दात रहेको बास्कोटाले जानकारी दिए। आव २०८२/८३ मा युरिया दुई हजार २५ मेट्रिकटन, डिएपी ६०० मेट्रिकटन, पोटास १०५ मेट्रिकटन र चुन २१ मेट्रिकटन प्राप्त भएको थियो।

प्रमुख बास्कोटाका अनुसार युरिया ११४ दशमलव ४००, डिएपी २१ दशमलव शून्य ५०, पोटास २२ दशमलव ५०० र चुन २६ दशमलव ५०० मेट्रिकटन मल मौज्दात छ । चालु आव २०८३/८४ को साउनको २८ गतेसम्म युरिया २७१ र डिएपी २०० मेट्रिकटन मल प्राप्त भएको छ । अघिल्लो वर्षको बाँकी रहेकोसहित हालसम्म ४३४ दशमलव ८०० मेट्रिकटन मल बिक्री भइसकेको छ ।

कार्यालयका सूचना अधिकारी मदन थपलियाका अनुसार प्रदेश मन्त्रालयले प्रत्येक स्थानीय तहका लागि मल बिक्रीको कोटा तोकेर पठाउने गरेको छ । प्रदेशबाट कोटा आएपछि स्थानीय तहमा रहेको मल व्यवस्थापन समितिले आफ्नो क्षेत्रमा आवश्यकताका आधारमा मलको मात्रा निर्धारण हुने उनले बताए।

स्थानीय तहले निर्धारण गरेको कोटाअनुसार मल बिक्री गर्ने विक्रेताहरूले कार्यालयमा माग गर्छन् । विक्रेताले स्थानीय तहबाट पाएको कोटाको विवरण पेस गरेपछि कार्यालयले सोही कोटाका आधारमा मल उपलब्ध गराउने व्यवस्था रहेको थपलियाले जानकारी दिए ।

# वर्षायाममा सहज बन्न सकेन बेंसीसहर-चामे सडक

**भञ्ज्याङ समाचारदाता**/मनाङ

डुम्रे-बेँसीसहर-चामे सडकको ट्र्याक खोलिएको करिब तीन दशक बढी भयो । यस सडकको लमजुङतर्फको सडक अझैसम्म पनि सहज बनाउन सकिएको छैन। डुम्रे-बेँसीसहर-चामे सडक आयोजनाले निर्माण तथा मर्मतको काम गर्दै आएको भए पनि अपेक्षाकृत काम भने हुनसकेको छैन । सडक आयोजनाले मात्रै काम गर्दा पुरा नहुँदा स्थानीयवासीका साथै पर्यटकीय क्षेत्र मनाङ पुग्न सास्ती भोग्नुपर्ने बाध्यता रहेको छ । हिउँदयाममा कच्ची सडकमा सहज यात्रा गर्न सकिन्छ भने वर्षायाममा सकस हुने गरेको छ । वर्षायाममा मनाङको मेरुदण्ड (लाइफलाइन) तथा एकमात्र स्थलमार्गका रूपमा रहेको सडक जोखिम भए पनि सहज यात्रा गर्न सकिने अवस्था नरहेको स्थानीय फुर्पा लामाले बताउनुभयो।

"सधैँ ठाडो खोला तथा खहरे खोला बढेर आउँदा मनाङ आवतजावत गर्न मुस्किल हुन्छ", लामाले भन्नुभयो, "मनाङतर्फ भन्दा पनि लमजुङतर्फको सडक बढी अवरुद्ध हुने समस्या छ । लमजुङका खहरे खोलाले यात्रालाई सकस बनाउने गरेको छ ।"

रैदु खोला, श्रीचौरमा खहरे खोला बढेर आउँदा वारपार गर्न सक्ने अवस्था नै नभएको उहाँले बताउनुभयो । "बिरामी भए अस्पताल पुग्न समस्या हुन्छ । यस्तो कहिलेसम्म सास्ती भोग्नुपर्ने खै ?" लामाले भन्नुभयो, "केही ठाउँमा अपर मर्स्याङ्दी जलविद्युत् आयोजनाले खोलामा ह्युमपाइप राखेर सजिलो बनाएको छ ।" बाढी, पहिराले मनाङ यात्रालाई सकस बनाउँदै आएको छ ।

बेँसिसहर-चामे सडक खण्डअन्तर्गत लमजुङ मर्स्याङ्दी गाउँपालिका-४ रैदु खोलामा बाढी आउँदा शनिबार करिब आठ घण्टा यातायात अवरुद्ध भएको थियो । आवतजावत अवरुद्ध भएपछि आयोजनाले ह्युमपाइप राखेर सडक सञ्चालनमा ल्याएको मनाङका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

"वर्षा निरन्तर भइरहेको अवस्था छ । अझै पनि ती क्षेत्रमा जोखिम छ", सूचना अधिकारी समेत रहुनभएका पौडेलले भन्नुभयो, "दीर्घकालका लागि नभए पनि केही समय आवतजावतमा सहज भएको जानकारी पाएका छौं । यात्रा गर्दा भने सडकका बारेमा जानकारी लिएर मात्र गर्न सम्पूर्णमा अनुरोध गर्दछौं ।" शुक्रबार राति परेको वर्षाका कारण बाटो अवद्धद भएको थियो । श्रीचौरमा ठूलो पहिरोले बाटो अवरूद्ध हुँदा मनाङ आउने र बेँसीसहर जाने यात्रुले सास्ती भोग्नुपरेको थियो । रासस

## facebook twitter



**Narayan Gaunle**
facebook.com/ngaunle

हप्तौं भयो, बेलायतदेखि ग्रिससम्म सिङ्गो युरोप भयंकर डढेलोमा जलिरहेको छ ।

आगलागी, चरम गर्मी र खडेरीको यो महासंकट युरोपले पछिल्ला दशकमा भोगेका सबैभन्दा गम्भीर वातावरणीय संकटमध्ये एक बनेको छ । फ्रान्सका राष्ट्रपतिले त दोस्रो विश्वयुद्धपछिको सबैभन्दा ठूलो संकटका रूपमा यसलाई उल्लेख गरेका थिए ।

कहालीलाग्दो यो डढेलोले ठूलो सत्यामा मानिस विस्थापित भएका छन्, जनधनको ठूलो क्षति भएको छ, अकल्पनीय रूपमा वनजङ्गल र जीवजन्तुको विनाश भएको छ । पर्यावरणीय क्षति त अपूरणीय नै छ। कृषि क्षेत्रमा परेको क्षतिको असर त सिङ्गो विश्वले भोग्ने नै छ ।

युरोपका धेरै देशमा यस वर्ष तापक्रमका पुराना रेकर्डहरु भङ्ग भए। अत्यधिक लामो गर्मीसँगै कहालीलाग्दो खडेरीले 'क्लाइमेट चेन्ज'को असर र अनुभवलाई हरेक नागरिकको ढोकासम्मै पुऱ्यायो । किताबका पानामा, क्लासरूममा या समाचारमा मात्रै हुन्छजस्तो लाग्ने पर्यावरणीय समस्या आँखैअगाडि, छोइने गरी भोग्नुपऱ्यो । युरोपका दशवटा देश छोएर बग्ने लामो डेन्युब नदी होस् या जर्मनीको प्रसिद्ध रायन नदी, पिउने पानीका रिजर्भायर हुन् या तालतलैया—लामो खडेरीले पानीका स्रोत र नदीहरूको अस्तित्वमै गम्भीर चुनौती खडा गरेको देखियो ! नदीमा पानी सुक्दै गएपछि दोस्रो विश्वयुद्ध ताकाका युद्धपोतहरु समेत फेला परे ।

बेलायतमा पनि यसअघि सामान्य नमानिएको गर्मी र खडेरीले जनजीवन प्रभावित भएको छ । इङ्ल्यान्डको ठूलो भूभाग आधिकारिक रूपमा मचयगनजत प्रभावित क्षेत्रमा परेको छ । पानीको संकट बढ्दै जाँदा घरको धाराबाट पाइप जोडेर करेसाबारीमा पानी हाल्न या गाडी धुनसमेत कतिपय क्षेत्रमा बन्देज लगाइएको छ । सधैँ हरिया देखिने घाँसे मैदान सुकेर बारूदजस्ता भएका छन् । अत्यधिक गर्मीका कारण कतिपय ठाउँमा विद्यालय, यातायात र कामकाजसमेत प्रभावित भए । यसअघि पत्तको समेत आवश्यकता नपर्ने र heating को मात्रै चर्चा हुने बेलायतमा पनि अययष्लिन को तीव्र आवश्यकता अनुभव देखियो । अत्यधिक गर्मीसँग सम्बन्धित मृत्यु र अस्पतालको आकस्मिक कक्षमा उपचारका लागि पुग्ने मानिसको सत्या पनि उल्लेखनीय रूपमा बढेको छ । स्कुल तथा कार्यस्थलमा अधिकतम तापक्रमको सीमा तोकिनुपर्ने बहससमेत तीव्र बन्दै गएको छ ।

यतिबेला प्रशान्त महासागरको समुद्री सतहको तापक्रम र विकसित हुँदै गरेको बलियो एल निनो घटनाले पनि विश्वको मौसम प्रणालीमा थप अस्थिरता ल्याउने चिन्ता बढाएको छ । यसको प्रभावले विश्वका विभिन्न भागमा अल्पवृष्टि, अतिवृष्टि, चरम खडेरी, बाढीपहिरो, डढेलो र खाद्य सुरक्षामा ठूलो दबाब सिर्जना गर्न सक्छ । यसको असर हाम्रो छिमेकी भारत र नेपालसम्म पनि पर्न सक्छ ।

सबैभन्दा दुःखद कुरा के हो भने—यी घटना अब एकपटक आउने अपवाद मात्र नरही नियमित र गम्भीर बन्ने ठूलो जोखिम छ ! जलवायु परिवर्तनले अत्यधिक प्रभाव पर्ने देशमध्ये नेपाल पनि एक हो । पक्कै पनि एकदिन यो हाम्रो राष्ट्रिय बहसको विषय बन्नेछ। यो विश्वव्यापी समस्यामा हामीले चाहेर मात्रै समाधान गर्न सक्ने धेरै कुरा त नहोला तर हामीले गर्न सक्ने थोरै कुरा पनि समयमै गर्न सक्यौँ भने धेरै क्षति हुनबाट बचाउन सकिन्थ्यो कि ! कम्तिमा बहस र चिन्ता त यतातिर सोझिनु आवश्यक छ ।

आजको डढ्दै गरेको युरोप भोलिको हाम्रो ऐना पनि त हुन सक्छ!

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४